साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

# कार्यपालिका निर्णयहरु सार्वजनिकरण

**आ.व.**२०८०/८१ **बैठक मिति:** २०८०/०९/१६
**बैठक नं.** ५ **समय:** मध्यान्ह १२: ०० बजे

प्रस्तावहरु:

१. आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई कार्यक्रमको मिति तय गर्ने सम्बन्धमा ।
२. नगरसभाको १२ औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
४. बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने सम्बन्धमा ।
५. आयोजना तथा कार्यक्रम सञ्चालन कार्यदिश सम्बन्धमा ।
६. आयोजना तथा कार्यक्रमको शीर्षक परिवर्तन गर्ने सम्बन्धमा ।
७. टहरा निर्माण गर्दा भएको खर्च भुक्तानी दिने सम्बन्धमा ।
८. राष्ट्रिय अनुसन्धान विभाग कार्यालय व्यवस्थापन सहयोग सम्बन्धमा ।
९. नेपाल पर्यटन बोर्ड म्याचिङ फन्ड सम्बन्धमा ।
१०. पहाड चप्पल उद्योग मेसिन तथा प्रविधि सहयोग सम्बन्धमा ।
११. शिक्षक दरबन्दी
१२. रुढेक नेपाल चुल्हो वितरण कार्यक्रम सम्बन्धमा ।
१३. वैद्यनाथधाममा भान्साघर निर्माण सम्बन्धमा ।
१४. सडक मर्मत तथा पुनर्निर्माण सम्बन्धमा ।
१५. विविध ।

निर्णयहरु:

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९/०८० को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८०/१०/१५ गते आयोजना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरसभाको १२औं अधिवेसन यही मिति २०८०/१०/२० गते बस्ने गरी आव्हान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालन हुने बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि तपसिल बमोजिम २ वटा वडाको एक कलष्टर बनाई सोही अनुरुप बजेट तथा कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५१३७
०९७६२५१७६
०९७६२५१७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

तपसिलः

| वडा नं. |
|---|
| १ र २ |
| ३ र ४ |
| ५ र ६ |
| ७ र ८ |
| ९ र १४ |
| १० र ११ |
| १२ र १३ |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्वन नगर घोषणा गर्ने कार्यमा आवश्यक समन्वय र सहजीकरण गरी कार्यक्रम सञ्चालन गर्नको लागि तपसिल बमोजिम बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

(१)नगर प्रमुख श्री राजेन्द्र बहादुर कुँवर - अध्यक्ष
(२)/नगर उपप्रमुख श्री शिव बहादुर कुँवर-उपाध्यक्ष
(३)प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा -सदस्य
(४)वडा अध्यक्ष वडा नं. १ श्री नन्द बहादुर ठकुल्ला -सदस्य
(५)वडा अध्यक्ष वडा नं. २ श्री सेत बहादुर कुँवर -सदस्य
(६) वडा अध्यक्ष वडा नं. ३ श्री कुल बहादुर कुँवर -सदस्य
(७)वडा अध्यक्ष वडा नं. ४ श्री नवराज बुढा -सदस्य
(८)वडा अध्यक्ष वडा नं. ५ श्री मक्कर बहादुर कुँवर -सदस्य
(९)वडा अध्यक्ष वडा नं.६ श्री मिन बहादुर बोहरा -सदस्य
(१०)वडा अध्यक्ष वडा नं. ७ श्री हिक्मत कडायत -सदस्य
(११) वडा अध्यक्ष वडा नं. ८ श्री कालु सिंह कुँवर -सदस्य
(१२) वडा अध्यक्ष वडा नं. ९ श्री दिपक कुँवर -सदस्य
(१३) वडा अध्यक्ष वडा नं. १० श्री ललित बोगटी — सदस्य
(१४) वडा अध्यक्ष वडा नं. ११ श्री राम बहादुर बोहरा — सदस्य
(१५) वडा अध्यक्ष वडा नं. १२ श्री जनक बहादुर कडायत — सदस्य
(१६) वडा अध्यक्ष वडा नं. १३ श्री रुप बहादुर कुँवर — सदस्य
(१७) वडा अध्यक्ष वडा नं. १४ श्री संजु थापा — सदस्य
(१८) नगर कार्यपालिका सदस्य श्री उमा उपाध्याय — सदस्य
(१९) नगर कार्यपालिका सदस्य श्री बिनोद बहादुर भुल— सदस्य
(२०) नगर कार्यपालिका सदस्य श्री मुकेश मिजार — सदस्य
(२१) नगर कार्यपालिका सदस्य श्री मिना के.सी. — सदस्य
(२२) नगर कार्यपालिका सदस्य श्रीमती बिष्णा कुँवर — सदस्य

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२


(२३) नगर कार्यपालिका सदस्य श्री राधा देवी साउँद — सदस्य

(२४)नगर कार्यपालिका सदस्य श्री अनिल परियार — सदस्य

(२५) नगर कार्यपालिका सदस्य श्री देवसरा साउद (थापा) — सदस्य

(२६) स्वास्थ्य शाखा प्रमुख श्री पुष्प बहादुर बुढा —सदस्य

(२७) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री हिरादत्त भट्ट —सदस्य

(२८) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री अनिता जोशी —सदस्य

(२९) खानेपानी तथा सरसफाइ शाखा प्रमुख श्री कर्ण बहादुर कुँवर —सदस्य

(३०) गैर सरकारी संस्था समन्वय शाखा प्रमुख —सदस्य

(३१) महिला, बालबालिकाको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १जना महिला सहित २ जना प्रतिनिधी —सदस्य

(३२) विद्यालय / स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधी -सदस्य

(३३) नगरपालिकामा कार्यरत महिला शिक्षक/महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगर प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधी —सदस्य

(३४) नगरस्तरीय बाल सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तीमा १ जना बालिका समेत) —सदस्य

(३५) बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये नगर प्रमुखले तोकेको महिला प्रतिनिधी —सदस्य

(३६) नगरपालिका क्षेत्रमा रहेका शहरी कार्यालयका प्रमुख —सदस्य

(३७) सामाजिक विकास शाखा प्रमुख —सदस्य सचिव

त्यसैगरी वडा स्तरमा कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरण गर्न तपसिल बमोजिमको वडा स्तरीय बालमैत्री शासन समिति गठन गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल:

(१) वडा अध्यक्ष - अध्यक्ष

(२) वडा सिमितका सदस्य (सबै) -सदस्य

(३) वडामा रहेको स्वास्थ्य संस्थाका प्रमखु - सदस्य

(४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत थानीय गैरसरकारी संघ संस्था वा सामदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधी (२ जना) - सदस्य

(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधी (३ जना) - सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

(७)वडास्तरीय बाल सञ्जालका अध्यक्ष सिहत २ जना (किम्तमा १ जना बालिका) - सदस्य

(८) वडा सचिव –सदस्य-सचिव

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिकामा आ.व.२०८०/०८१ मा सुदूरपश्चिम प्रदेश सरकारको वित्तीय समानिकरण अन्तर्गतका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडा कार्यालयहरुलाई कार्यदिश दिन साँफेबगर नगरपालिका योजना तथा प्राविधिक शाखालाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा आ.व. २०८०/०८१ मा यस साँफेबगर नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुको आयोजना तथा कार्यक्रमको शीर्षक परिवर्तन गर्नुपर्ने अवस्था आएमा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम शीर्षक परिवर्तन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस साँफेबगर नगरपालिकाको साविक कार्यालय भवन (हाल ०४ नं. वडा कार्यालय मष्टामाण्डौंको भवन) सँग जोडिएको तत्कालीन गा.वि.स. को कार्यालय मष्टामाण्डौंको अनुमतिमा अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ०४ मष्टामाण्डौं निवासी झंकर बहादुर कुँवरले आफ्नै लगानीमा केन्टिन प्रयोजनका लागि निर्माण गरिएको कर्कट पाताको टहरामा केही समय मात्र केन्टिन सञ्चालन भई हाल बन्द अवस्थामा रहेकोले उक्त टहरा निर्माण गर्दा भएको खर्च रकम रु. ७०,०००/- सत्तरी हजार मात्र निज झंकर बहादुर कुँवरलाई उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा राष्ट्रिय अनुसन्धान विभागको साँफेबगरमा स्थापना हुने कार्यालय व्यवस्थापनको लागि रु. २० हजार अनुदान सहयोग उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो

**निर्णय नं. ९**

प्रस्ता नं. ९ माथि छलफल गर्दा नेपाल पर्यटन बोर्डको सहयोगमा यस साँफेबगर नगरपालिकामा आ.व.२०८१/८२ मा सञ्चालन हुने तपसिल बमोजिमका आयोजना/कार्यक्रमका लागि २० प्रतिशत बजेट (म्याचिङ्ग फन्ड) छुट्टयाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. साँफेबगर नगरपालिका -१२ स्थित नैनी क्षेत्रममा पर्यटन पूर्वाधार निर्माण रु. ५,००,०००/-
२. साँफेबगर नगरपालिका -२ बदाली पदमार्गमा विश्रामस्थल निर्माण र स्तरोन्नती रु. १०,००,०००/-

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा साँफेबगर नगरपालिका वडा नं. ४ साँफेबगरमा स्थापित पहाड चप्पल उद्योगलाई मेसिन तथा प्रविधि सहयोगार्थ रु. २ लाखमा नबढ्ने गरी अनुदान उपलब्ध गराउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा शिक्षा युवा तथा खेलकुद शाखाको समन्वय तथा नगर शिक्षा समितिको सिफारिसमा साँफेबगर नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षक दरबन्दी पुनरावलोकन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा रुढेक नेपालको समन्वय र सहयोगमा यस साँफेबगर नगरपालिकामा आधुनिक चुल्हो वितरण कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १३**

०९७६२५११३७
०९७६२५११७६
०९७६२५११७८
sanfebagarmun@gmail.com
ito.sanfebagarmun@gmail.com
www.sanfebagarmun.gov.np
+९७७९८५८४८४३०२

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नेपालकै चारधाम मध्येको एक प्रसिद्ध धामको रुपमा रहेको वैद्यनाथ धाममा यही मिति २०८० साल फागुन १० गतेदेखि ऐ. २५ गतेसम्म सञ्चालन हुन गइरहेको कोटीहोम महायज्ञलाई मध्ये नजर गरी उक्त क्षेत्रमा सो अवधिभर देशभरीबाट अतिथी लगायत श्रद्धालु भक्तजनहरु आउन सक्ने भएकोले खानपान व्यवस्थापनको लागि निर्माण कार्य अधुरो रहेको भान्साघरको थप र आवश्यक निर्माण कार्यमा सहयोग गर्नको लागि नयाँ शहर आयोजना कार्यालय साँफेबगर अछाममा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिति २०७९ साल कार्तिक २२ गतेदेखि विभिन्न समयमा गइरहेको भूकम्पले यस साँफेबगर नगरपालिका अन्तर्गतका भौतिक पूर्वाधारहरुमा क्षति पुरयाएकोले यस क्षेत्रको आवश्यकता तथा औचित्यताको आधारमा तपसिल बमोजिमका सडकहरुको मर्मत तथा पुनर्निर्माणको लागि स्थानीय पूर्वाधार विकास आयोजना धनगढी, कैलालीमा अनुरोध गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

१. भैरवस्थान देखि कालिकास्थान सम्म सडक निर्माण कार्य साँफेबगर न.पा. १

२. बुढाबगर बाब्ला देखि पुत्रु भेरासैन खसड सडक निर्माण कार्य साँफेबगर न.पा. १३ र १२

३. बुढाकोट देखि पातलकोट सम्म सडक निर्मामण साँफेबगर न.पा. ९ र १४

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका अन्तर्गत तपसिल बमोजिमका विद्यालयहरुमा विद्यार्थी अनुपातमा शिक्षक नहुँदा पठन पाठन कार्य प्रभावित भईरहेको र सो समस्यालाई दृष्टिगत गरी यस नगरपालिकाले शिक्षक पदपूर्तीको लागि तेस्रो पटक सम्म दरखास्त आव्हान गरिएकोमा तोकीएको मापदण्ड अनुसार आवेदन नपरी शिक्षक नियुक्त हुन नसकेकोले शिक्षक नियुक्तिको सम्पूर्ण प्रक्रिया पुरा गरी शिक्षक भर्ना गरेको दिन देखि लागू हुने गरी निम्न बमोजिमको शैक्षिक अनुदानमा रही शिक्षक नियुक्त गर्न सम्बन्धित विद्यालयलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम/ठेगाना | पद | तह | विषय | संख्या | तलब |
|---|---|---|---|---|---|---|
| १. | कालिका मा.वि. सा.न.पा. १४ | शिक्षक | मा.वि. | गणित, विज्ञान | १ जना | २५ हजार |
| २. | सूर्यचन्द्र मा.वि. सा.न.पा. १ | शिक्षक | आ.वि. | अंग्रेजी | १ जना | २० हजार |
| ३. | कृष्ण मा.वि. सा.न.पा. ५ | शिक्षक | आ.वि. | गणित, विज्ञान | १ जना | २० हजार |

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. १ स्थित सूर्यचन्द्र माध्यमिक विद्यालयमा साना विकास परियोजना अन्तर्गतको परियोजना कार्यान्वयन गर्न उक्त परियोजनाले तोकेका सबै पूर्वाधारहरु उपलब्ध रहेकोले उक्त विद्यालयमा साना विकास परियोजना सञ्चालनको लागि २० प्रतिशत लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।